# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः १४ मार्च २०२६
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा लगभग 18 हजार 6 सय 80 करोड रुपियाँका कैयन विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नु भएको छ|

- पश्चिम बंगालको मतदाता सूचीमा "तार्किक विसंगति" को श्रेणीमा पर्ने मतदाताहरू न्यायिक छानबिन प्रक्रियामा लगभग ३४ प्रतिशत नाम मतदाता सूचीबाट हटाउन योग्य पाइएको छ।

- पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशभरीका खुद्रा बिक्री केंद्र हरूमा पर्याप्त मात्रामा पेट्रोल र डिजेल उपलब्ध रहेको स्पष्ट पारेको छ।

- कालेबुङमा खाना पकाउने ग्यासको अभाव भएको अफवाहबीच घरेलु प्रयोगका लागि ग्यासको कुनै कमी नरहेको बताइएको छ।

- अलिपुर मौसम विभागका अनुसार, आज कलकत्ता शहरमा वर्षाको सम्भावना कम रहे पनि, भोलिदेखि मौसमको ढाँचामा परिवर्तन हुने संकेतहरू छन्|

**प्रधानमंत्री कोलकाता परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा लगभग 18 हजार 6 सय 80 करोड रुपियाँका कैयन विकास परियोजनाहरूको लोकार्पण र शिलान्यास गर्नुभयो।यस अवसरमा प्रधानमन्त्रीले भन्नुभयो यी सबै परियोजनाहरूले पश्चिम बंगाल राज्यलाई मात्र नभएर सम्पूर्ण पूर्वी क्षेत्रको विकासलाई नयाँ गति प्रदान गर्नेछ। सडक पूर्वाधारलाई बढ़ावा दिँदै, उहाँले लगभग 16 हजार 9 सय 90 करोड रुपियाँको लागतमा 420 किलोमिटरभन्दा बढीका धैरै राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास गर्नुभयो। उद्घाटन हुने परियोजनाहरूमा पश्चिम बंगाल र झारखण्डमा एनएच-19 र पश्चिम बंगालमा एनएच-114 का खण्ड सामेल छन्| यी परियोजनाहरूले सडक सुरक्षामा सुधार गर्ने, यात्रा समय घटाउने, भीडभाड र प्रदूषण कम गर्ने, क्षेत्रीय सम्पर्क सुधार गर्ने, पर्यटनलाई बढावा दिने र यस क्षेत्रमा आर्थिक विकासलाई अगाडि बढाउने अपेक्षा गरिएको छ।प्रधानमन्त्रीले कैयन नयाँ राष्ट्रिय राजमार्ग परियोजनाहरूको शिलान्यास पनि गर्नुभयो, जसमा एनएच-116ए को 231 किलोमिटर चार लेनको खड़गपुर-मोरग्राम आर्थिक करिडोर खण्डका पाँच प्याकेजहरू सामेल छन्।यो परियोजना खड़गपुर र सिलिगुडी बीचको आर्थिक करिडोरको एक हिस्सा हो र पश्चिम बंगालको पश्चिम मेदिनीपुर, बांकुरा, हुगली, पूर्वी वर्धमान, वीरभूम र मुर्शिदाबाद जिल्लाहरू हुँदै जानेछ।प्रधानमन्त्रीले एनएच-14 मा 5 दशमलव 6 किलोमीटर लामो चार लेनको दुबराजपुर बाइपास निर्माणको शिलान्यास गर्नुभयो। उहाँले एनएच-14 मा कंसाबती र शिलाबती नदीहरूमा थप चार लेनको प्रमुख पुलहरूको पनि शिलान्यास गर्नुभयो।यस भ्रमणको क्रममा, प्रधानमन्त्रीले धैरै जहाजरानी र बन्दरगाह सम्बन्धी परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। उहाँले हल्दिया डक कम्प्लेक्सको बर्थ नम्बर 2 को लागि मशीनीकरण परियोजनाको उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले राज्यमा धैरै बन्दरगाह पूर्वाधार परियोजनाहरूको शिलान्यास गर्नुभयो, जसमा श्यामाप्रसाद मुखर्जी बन्दरगाहको हल्दिया डक कम्प्लेक्समा बर्थ नम्बर 5 को मशीनीकरण पनि सामेल छन। रेलवे क्षेत्रमा, प्रधानमन्त्रीले पुरुलिया-आनन्द विहार टर्मिनल (दिल्ली) एक्सप्रेसलाई हरियो झण्डा देखाउनुहुनेछ, जसले पश्चिम बंगाल, उत्तर प्रदेश, बिहार, झारखण्ड र राष्ट्रिय राजधानी क्षेत्र बीचको रेल सम्पर्कलाई सुदृढ बनाउनेछ।

प्रधानमन्त्रीले अमृत स्टेशन योजना अन्तर्गत छवटा पुनर्विकसित रेलवे स्टेशनको उद्घाटन गर्नुभयो। यी स्टेशनहरूमा कामाख्यागुड़ी, आनारा, तमलुक, हल्दिया, बराभूम र सिउरी सामेल छन्।यी पहलहरूले पश्चिम बंगाल र पूर्वी भारतमा पूर्वाधारला सुदृढी गर्नेछ, कनेक्टिभिटी बढाउने र आर्थिक विकासलाई तीव्र पार्ने सरकारको निरन्तर प्रतिबद्धतालाई दर्शाउँदछ।

**बंगालको मतदाता सूची**

पश्चिम बंगालको मतदाता सूचीमा "तार्किक विसंगति" को श्रेणी अन्तर्गत चिन्ह लगाइएका मतदाताहरूसँग सम्बन्धित न्यायिक छानबिन प्रक्रियाको क्रममा अहिलेसम्म फैसला गरिएका मुद्दाहरूमध्ये लगभग ३४ प्रतिशत नाम मतदाता सूचीबाट हटाउन योग्य पाइएको छ। राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयका सुत्रहरू अनुसार, शुक्रबार रातिसम्म, न्यायिक जाँचको लागि पठाइएका कुल मुद्दाहरूमध्ये लगभग २५ प्रतिशतको फैसला भइसकेको छ। सूत्रले बताए अनुसार "तार्किक विसंगति" श्रेणी अन्तर्गत पहिचान गरिएका ६० लाखभन्दा बढी मुद्दाहरू न्यायिक जाँचको लागि पठाइएको थियो। यीमध्ये, लगभग १५ लाख मुद्दाहरूको छानबिन पूरा भएको छ, जुन कुल मुद्दाहरूको लगभग २५ प्रतिशत हो। यी १५ लाख मुद्दाहरूमध्ये, ५ लाख भन्दा बढी नामहरू मतदाता सूचीबाट हटाउन योग्य पाइएको थियो, जुन छानबिन सम्पन्न भएका मुद्दाहरूको लगभग ३४ प्रतिशत हो। यसको साथ, शुक्रबार रातिसम्म, मतदाता सूची बाट हटाइएका मतदाताहरूको कुल संख्या ६३ लाख पुगेको थियो। यसअघि, गत वर्षको डिसम्बरमा प्रकाशित मतदाता सूचीको मस्यौदामा "मृतक", "स्थानान्तरण", "  डुप्लीकेट" र "हराएको" श्रेणीहरू अन्तर्गत ५९ लाख नामहरू हटाइसकिएको थियो। सर्वोच्च न्यायालयले जारी गरेको हालैको निर्देशन अनुसार नाम हटाइने मतदाताहरूलाई पुनरावेदन न्यायाधिकरणमा अपील दर्ता गर्ने अवसर दिइनेछ। यस सम्बन्धमा पहिलो पूरक सूची अर्को सप्ताहको सुरुमा जारी हुन सक्ने अपेक्षा गरिएको छ।

**मुख्यमन्त्री नन्दीग्राम दिवस श्रद्धाञ्जली**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज नन्दीग्राम दिवस औ किसान दिवसको अवसरमा नन्दीग्राम, सिंगुर र नेताई सहित विश्वभरिका सबै शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गर्नु हुँदै राज्यका किसानहरूप्रति सम्मान व्यक्त गर्नु भयो। मुख्यमन्त्रीले सामाजिक संजालमा पोस्ट गर्नु हुँदै नन्दीग्रामको कृषि भूमि आन्दोलनका शहीदहरूको स्मृतिमा हरेक वर्ष यस दिनलाई 'किसान दिवस' -को रूपमा मनाइन्छ। उहाँले सबै कृषक दाज्यु-भाइ तथा दिदी-बहिनीहरू अनि उनीहरूका परिवारहरूलाई शुभकामना दिनु भयो। उहाँले भन्नु भयो, राज्य सरकारले 'कृषकबन्धु (नयाँ)' योजना अन्तर्गत किसानहरूलाई आर्थिक सहयोग प्रदान गरिरहेको छ। यस योजना अन्तर्गत किसानहरूलाई दश हजार रुपियाँ प्रतिवर्ष दिइनेछ भने कम जमीन भएका किसानहरूलाई न्यूनतम चार हजार रुपियाँको सहायता राशि दिइनेछ।  मुख्यमन्त्री अनुसार यस योजना अन्तर्गत अहिलेसम्मा 30,051 कड़ोर रुपियाँको आर्थिक सहायता दिइसकिएको छ भने 1 कड़ोर 14 लाख भन्दा अधिक किसानहरू यसबाट लाभान्वित भएका छन्। उहाँले भन्नु भयो अब किसानहरुलाई वर्षेनी दुई किस्तामा चार हजार रुपियाँको सहायता राशि दिइँदछ भने लगभग 28 लाख आवेदकहरूको ब्यांक खातामा 8 मार्चदेखिको राशि पठाउन शुरू गरिएको छ।

**एमओपीएनजी – पेट्रोल, डिजेल**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयले देशभरीका खुद्रा बिक्री केंद्र हरूमा पर्याप्त मात्रामा पेट्रोल र डिजेल उपलब्ध रहेको स्पष्ट पारेको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै मन्त्रालयले तमिलनाडुमा एक खुद्रा विक्रेताले खुला कन्टेनरमा पेट्रोल बिक्री गरिरहेको जानकारी प्राप्त भएको उल्लेख गरेको छ। मन्त्रालयले उपभोक्ताहरूलाई खुला अथवा अनुपयुक्त कन्टेनरमा इन्धन खरिद अथवा अनावश्यक भण्डारण नगर्न सल्लाह दिएको छ। मन्त्रालयले सम्बन्धित पेट्रोल पम्पलाई निलम्बन गरिएको र उचित कारबाही गरिएको बताएको छ। मन्त्रालयले कुनै पनि उल्लंघन विरुद्ध कडा कारबाही गरिने चेतावनी दिएको छ।

**दिव्यांगजन सिलगढ़ी**

दिव्यांगजनहरूलाई सरकारी सुविधाहरू सहजै उपलब्ध गराउने उद्देश्यले सिलगढ़ी नगरनिगमद्वारा शहरको बाघाजतिन पार्कमा आज विशेष दिव्यांग प्रमाण पत्र वितरण शिविर आयोजना गरियो। शिविरमा ठूलो संख्यामा मानिसहरूले पुगेर लाभ उठाए।

कार्यक्रममा सिलगढ़ीका मेयर गौतम देव, डिप्टी मेयर रञ्जन सरकार समेत नगरनिगमका केही अधिकारीगण उपस्थित थिए। शिविरमा आएका आवेदकहरूको सबैभन्दा पहिला डाक्टरहरूको टीमद्वारा स्वास्थ्य परीक्षण गरियो। त्यसपछि डाक्टरहरूको सल्लाहको आधारमा उनीहरूलाई त्यहीँ नै तुरून्त दिव्यांग प्रमात्र जारी गर्ने व्यवस्था गरियो| निगमको यस पहलबाट लाभान्वित भएर केही दिव्यांगजनहरूले राहत अनि सन्तोष व्यक्त गरे। घटनास्थलमा उपस्थित मेयर गौतम देवले भन्नु भयो, दिव्यांगजनहरूको सुविधाको लागि नगरनिगमले समय-समयमा यस्तो शिविर आयोजना गर्दै आएको छ। दिव्यांगहरूको स्थितिलाई देखेर मन दुःखी हुन्छ। हामीले उपचारको आवश्यकता रहेका दिव्यांगहरूलाई उन्नत चिकित्सा सुविधा तथा आवश्यक सहायता उपलब्ध गराउने प्रयास गरिरहेका छौं। नगरनिगमको यस पहलबाट दिव्यांगजनहरूलाई एकै ठाउँमा चिकित्सा परामर्श तथा प्रमाण पत्र पाउने सुविधा प्राप्त भइरहेको छ जुन उनीहरूको लागि ठूलो सहयोगी साबित भइरहेको छ।

**Gas cylinder**

कालेबुङमा खाना पकाउने ग्यासको अभाव भएको हल्लाबारे डेविड ग्यास एजेन्सीले स्पष्टिकरण दिंदै भनेको छ कालेबुङमा घरेलु प्रयोगका लागि ग्यासको कुनै कमी छैन। यध्यप्पी, व्यावसायिक प्रयोजनका लागि प्रयोग हुने ग्यास आपूर्तिमा भने केही कमी देखिएको छ। तर घरेलु ग्यास सिलेन्डरको आपूर्ति भने नियमित रूपमा भइरहेको छ। साथै, घरेलु सिलेन्डरको २५ दिनपछि मात्र पुनः बुकिङ गर्नुपर्ने प्रावधान रहेको एजेन्सीले बताएको छ| यस नियमका कारण केही उपभोक्तालाई ढिलाइ भएको जस्तो महसुस हुन सक्ने भए पनि ग्यासको अभाव भने नरहेको पनि एजेन्सीले जानकारी दिएको छ | उपभोक्ताहरूलाई अनावश्यक हल्लामा नपरी निर्धक्क भएर ग्यास प्रयोग गर्न तथा निर्धारित नियमअनुसार नै बुकिङ गर्न एजेन्सीले आग्रह गरेको छ|

**पीएम अन्त्योदय योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीको 'अन्त्योदय' भावना र 'दिव्याङ्ग सहारा योजना' लाई कार्यान्वयन गर्ने उद्देश्यको साथ आज सुक्ना शिव नगरमा एक सेवा–मुखी कार्यक्रम आयोजना गरियो। कार्यक्रमको नेतृत्व विधायक आनन्दमय बर्मन र सुक्ना–पानीघाटा मण्डल अध्यक्ष अजय शर्माले गर्नुभयो। उहाँहरूको पहलमा साई नगर ह्यान्डीक्याप सोसाइटीसँग सम्बन्धित जेष्ठ नागरिक तथा दिव्याङ्ग दाजुभाइ–दिदीबहिनीहरूका १० परिवारलाई आवश्यक सामग्री वितरण गरिएको थियो। उहाँहरूले समाजका सबै वर्गलाई एउटै परिवारका रूपमा अघि बढाउनु मुख्य उद्देश्य रहेको बताउँदै जेष्ठ नागरिक तथा दिव्याङ्ग समुदायको सुख–दुःखमा सधैँ साथ रहने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा पञ्चायत समिति सदस्य अरुणा क्षेत्री, पञ्चायत सदस्य चन्द्रशेखर भण्डारी, मिडिया सेलका रवि सोनार, गोपाल राना लगायत अन्य कार्यकर्ताहरूको उपस्थिति रहेको थियो। 'सबैको साथ, सबैको विकास'को नारालाई आत्मसात गर्दै सेवा भावका साथ सम्पन्न गरिएको यस कार्यक्रमले स्थानीय समुदायमा सकारात्मक सन्देश फैलाएको आयोजकहरूले बताएका छन्|

**तारकेश्वर र शेवड़ाफुली विशेष रेल**

यात्रीहरूको दीर्घकाालीक मानगलाई मध्यनजर गर्दै पूर्व रेलवेले तारकेश्वर र शेवड़ाफुलीबीच नयाँ ईएमयू लोकल ट्रेन सेवा शुरू गर्ने निर्णय लिएको छ। रेलवे सूत्र अनुसार यो सेवा सोमवारदेखि शुरू हुनेछ। प्राप्त जानकारी अनुसार ट्रेन तारकेश्वरदेखि बिहान 10 बजेर 05 मिनेटमाँ प्रस्थान भएर 10 बजेर 53 बजे शेवड़ाफुली पुग्नेछ भने फर्किंदा शेवड़ाफुलीदेखि 11बजी प्रस्थान भएर 11बजेर 50 मिनेटमाँ तारकेश्वर पुग्नेछ। यात्रीहरूको सुविधाको लागि यो ट्रेन मार्गका सबै स्टेशनहरूमा रोकिनेछ।

पूर्व रेलवेका एकजना अधिकारीले बताए अनुसार, तारकेश्वर–हावड़ा शाखामा ठूलो संख्यामा यात्रीहरू प्रतिदिन यात्रा गर्दछन् अनि समयसँगसँगै यस मार्गमा लोकल ट्रेनहरूमा भीड़ लगातार बढ्दै गइरहेको छ। यसै दबावलाई कम गर्नको लागि लोकल ट्रेनहरूको संख्या बढ़ाइँदैछ।

**सिंहमारी रोप्वे-सार्वजनिक भवनको उद्घाटन**

दार्जिलिङको सिंहमारी रोप्वे क्षेत्रमा नव–निर्मित सार्वजनिक भवनको उद्घाटन आज भव्यताका साथ सम्पन्न भयो। गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका चेयरम्यान अञ्जुल चौहानको प्रमुख आतिथ्य तथा समष्टि अध्यक्ष अमृत योञ्जनको विशिष्ट आतिथ्यमा यो उद्घाटन कार्यक्रम सम्पन्न भएको हो। यस सार्वजनिक भवन निर्माण भएपछि रोप्वे क्षेत्रका बासिन्दाहरूलाई विभिन्न

सामाजिक, सांस्कृतिक तथा सामुदायिक कार्यक्रम सञ्चालन गर्न सहज हुने विश्वास व्यक्त गरिएको छ। आफ्नो व्यस्त कार्यतालिकाका कारण कार्यक्रममा उपस्थित हुन नसकेकोमा दुःख व्यक्त गर्दै जी टी ए प्रमुख कार्यपाल अनित थापाले रोप्वे क्षेत्रका बासिन्दालाई शुभकामना सन्देश पठाएका थिए।

**जलपाइगुडी सड़क दुर्घटना**

जलपाइगुडी जिल्लाको गयेरकाटा चिया बगानको बाँस लाइन सामु एशियन हाईवे-48 मा भएको सड़क दुर्घटनामा एकजना महिला चिया श्रमिकको मृत्यु भएको छ। यस दुर्घटनामा अन्य दुईजना श्रमिकहरू गम्भीर रूपमा घाइते भएका छन्। उनीहरुलाई जलपाईगुड़ी सुपर स्पेशियलिटी अस्पतालमा भर्ती गरिएको छ जहाँ दुवैको अवस्था चिन्ताजनक रहेको बताइएको छ। सूत्रहरु अनुसार आज बिहान चिया बगानका श्रमिकहरूको समूहले काममा जानको लागि सड़क पार गरिरहेको थियो। यसै अवधि द्रूत गतिको एउटा लरीले तीनैजनालाई कुल्चिएर त्यहाँबाट भाग्ने प्रयास गऱ्यो। घटनाको विरोधमा आक्रोशित श्रमिकहरूले धुपगुड़ी-वीरपाड़ा जाने एशियन हाइवेलाई जाम गरेर प्रदर्शन गर्न शुरू गरे। लगभग डेढ़ घण्टासम्म सड़क जाम रहेकोले क्षेत्रमा ठूलो ट्राफिक जामको स्थिति उत्पन्न भयो। स्थितिलाई नियन्त्रण गर्नको लागि बानरहाट थाना प्रभारी सूरज थापा र धुपगुड़ीका एसडीपीओ अरिन्दम पाल चौधरीको नेतृत्वमा ठूलो संख्यामा पुलिस बल घटनास्थलमा पुग्यो। पुलिसले आश्वासन दिएपछि सड़क जामलाई हटाइयो। पुलिसले दुर्घटनामा सामेल लरीलाई जफत गरेको छ साथै क्षेत्रमा ट्राफिक ब्यारियरलाई जड़ान गर्ने कार्य शुरू गरिएको छ। मामिलाको जाँच जारी छ।

**********